नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: nefen@wlink.com.np
info@nefin.org.np
Website: www.nefin.org.np

नेपाल आदिवासी जनजाति महासंघ स्था. २०४७ संघीय परिषद्को

मिति :८।०५।०७२

# प्रेस विज्ञप्ती

देश नयाँ संविधान निर्माणको अवस्थावाट गुज्रिरहेको समयमा कैलालीमा भएको अप्रत्यसित घटना प्रति नेपाल आदिवासी जनजाति महासंघ दुख व्यक्त गर्दछ । नयाँ संविधान निर्माण र संघीयतामा अग्रसर भईरहेको अवस्थामा सदियौं देखी दमन, उत्पीडन, विभेद र शोषण परेका समुदाय यी सवै खाले उत्पीडनवाट मुक्त हुने अकांक्षा सहित नयाँ संविधानमा आफ्नो समुदायगत पहिचान, अधिकार, समानुपातिक समावेशिकरण, धर्म निरपेक्षता सहित राज्यको मुल प्रवाहमा प्रवहिकरण हुनको लागी यो समयमा आफ्नो दवाईएका आवजलाई राजनितिक दल, सरकार, संविधानसभा र नागरिक सामु पुऱ्याउनका लागी र दवाव दिन आन्दोलनमा उतर्नु स्वभाविक र समुदायको नैसर्गिक र लोकतान्त्रिक विधिको अधिकार भएको महासंघ स्पष्ट गर्दछ ।

देश संघीय संरचनामा प्रवेश गरी सकेको अवस्थामा संघीयताको सिद्धान्त र मर्म विपरीत विभिन्न राजनितिक दलका नेता र संविधानसभाका सदस्यहरु नै भौगोलिक अखण्डताको आन्दोलनमा क्रियाशिल भई रहेको प्रति नेपाल आदिवासी जनजाति महासंघको गम्भिर आपत्ति प्रकट गर्दछ साथै राष्ट्रिय अखण्डताको सवाल वाहेक संघीयता र औगोलिक अखण्डता साथ साथमा जान नसकिने कुरा समेत नेपाल आदिवासी जनजाति महासंघ स्पष्ट गर्दछ ।

कैलाली लगायतका विभिन्न जिल्लामा आदिवासी जनजाति थारु समुदाय र अन्य आदिवासी जनजाति समुदाय पनि हाल आन्दोलनरत अवस्थामा छ । कैलालीको घटनामा सरकार संवेदनशिल हुन राम्रो हो तर यो समस्यको समाधन प्रशाशनिक तवरले र सेना परिचालन गरेर सम्भव नरहेको प्रति नेपाल आदिवासी जनजाति महासंघ सरकारलाई स्पष्ट गर्दछ ।

देशका विभिन्न भागमा पहिचान, अधिकार, समानुपातिक र समावेशिकरणको आन्दोलनलाई राजनितिक तवरवाटै माग सम्वोधन गरी यो समस्यको निकासको व्यावस्था मिलाउन समेत सरकार, राजनितिक दल र संविधानसभालाई नेपाल आदिवासी जनजाति महासंघ हार्दिक्ताका साथ अनुरोध गर्दछ ।

संविधान निर्माण प्रक्रिया सेना परिचालन गरेर अगाडी नवढउन र कैलाली घटना अन्यत्र फैलिन नदिन र सामाजिक सदभाव खलवलिनवाट रोक्न तत्काल राजनितिक तहवाट माग सम्वोधन गरी सवै समुदायको पहिचान र अधिकार नयाँ संविधान सुनिश्चित गर्न र कैलाली घटना दोहोरिन नदिन सचेत गर्दछ । कैलाली घटना र पुन कैलाली घटना जस्ता कुनै पनि क्षेत्रमा दोहोरिएको खण्डमा त्यसको सम्पूर्ण जिम्मा सरकारले लिनु पर्ने र सवै आन्दोनकारीलाई तत्काल रिह गर्न र घाईते आन्दोकारीको सम्पूर्ण उपचार खर्च सरकारले व्याहोर्न समेत जोडदार माग गर्दछ ।

सरकार र सुरक्षा निकायको आडमा थारु नेता र समुदायको घरमा तोडफोड र आगजनी प्रति नेपाल आदिवासी जनजाति महासंघ घोर भत्सना गर्दै दोषी माथी कडा कारवाहीको माग गर्दछ । साथै आन्दोकारीहरुलाई सामाजिक सदभाव कायम राख्न, संयमित र शान्तिपूर्ण आन्दोलन कायम राख्न अनुरोध गर्दछु र थारु लगायत सम्पूर्ण पहिचानमुखी र जायज मागको आन्दलोन प्रति नेपाल आदिवासी जनजाति महासंघको समर्थन र एक्यवद्धता रहेको समेत जानकरी गराउँदा छु । सर्कुलर वमोजिम सवै जिल्ला संगठनहरुलाई आन्दोलनमा क्रियाशिल हुन समेत जानकारी गर्दछ ।

..........................
**नगेन्द्र कुमार कुमाल**
**अध्यक्ष**